नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७४।०७।११

## प्रेस विज्ञप्ति

मिति २०७४ साल कार्तिक ११ गते विहान ५:५५ बजे राजविराजबाट काठमाण्डौ तर्फ आउदै गरेको ना.६.ख.१४६७ नं.को यात्रुवाहक बस धादिङ जिल्लाको गजुरी गाउँपालीका वडा नं. ५ पोखरे खोला स्थित बाँङ्गे मोडमा अनियन्त्रित भई राजमार्गबाट करिव ३५ मिटर तल त्रिशुली नदीमा खसेर दुर्घटनाग्रस्त हुँदा बसमा सवार यात्रुहरु मध्ये हाल सम्म ३० जनाको घटनास्थलमै मृत्यु र १६ जना घाईते भएको जानकारी प्राप्त भएको छ । दुर्घटनाको खवर पाउना साथ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाको टोली दुर्घटनास्थलमा पुगी यात्रुको खोज तलास तथा उद्धार कार्य गरिरहेको छ । गम्भिर घाईते मध्ये २ जनालाई ट्रमा सेन्टर काठमाण्डौ र अन्य घाईतेहरुलाई धादिङ जिल्ला स्थित गजुरी अस्पतालमा उपचारका लागि पठाईएको छ । साथै खोजी तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन र घाईतेहरुको उचित उपचारको प्रवन्ध गर्ने समेतको व्यवस्था मिलाउन स्थानीय प्रशासनलाई निर्देशन भईसकेको छ ।

सार्वजनिक यातायातका साधनहरुमा हुने यस्ता दुर्घटनाहरुप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । सार्वजनिक यातायात सेवालाई सुरक्षित, भरपर्दो र व्यवस्थित तुल्याउन अपनाउनु पर्ने सबै निगरानी र अनुगमन कार्यलाई कडाइका साथ कार्यान्वयन गर्न स्थानीय प्रशासन र प्रहरीलाई निर्देशन दिइएको छ । भविष्यमा यस्ता दुर्घटना हुन नदिन अपनाउनु पर्ने कदम समेत अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन ७ (सात) दिन भित्र पेश गर्न गृह मन्त्रालयका सह-सचिव डा. मान बहादुर वि.क.को संयोजकत्वमा नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी बलका वरिष्ठ सशस्त्र प्रहरी उपरीक्षक सम्मिलित ३ (तीन) सदस्यीय छानविन समिति गठन गरिएको छ ।

यस दुःखद घडीमा गृह मन्त्रालय मृतक आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ । मृतकका परिवार तथा आफन्तजनहरुमा हार्दिक समवेदना प्रकट गर्दै घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछ । यात्रा गर्दा आम सर्वसाधारण यात्रुवर्ग र सम्बद्ध सबै निकायहरुले आ-आफ्नो तर्फबाट सावधानी अपनाउन र ट्राफिक व्यवस्थापनमा उचित सहयोग पुऱ्याउन समेत मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

२०७४/०७/११

(नारायण प्रसाद शर्मा दुवाडी)

प्रवक्ता/ सह सचिव